# शहिद लखन गाउँ कार्यपालिकाको ९६औं बैठक

आज मिति २०८३ साल श्रावण ५ गते, नेपाल संवत् ११४६ दिल्लाथ्वः अष्टमी, मंगलबारका दिन शहिद लखन गाउँ कार्यपालिकाको ९६औं बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

**उपस्थिति**:

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री प्रेम गुरुङ | वडाध्यक्ष, वडा नं १ | |
| ५. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ६. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ७. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं ४ | |
| ८. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ९. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| ११. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| १२. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १३. श्री कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १४. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |
| १५. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १६. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |

| | | |
|---|---|---|
| १७. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | हस्त |
| १८. श्री विमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | Bimala |
| १९. फत्त बहादुर थापा | नि. वडाध्यक्ष, वडा नं. ९. | [signature] |
| २०. पुरुषोत्तम अधिकारी | लेखा अधिकृत | [signature] |
| २१. महेन्द्र खनाल | शिक्षा अधिकृत | [signature] |
| २२. याम बहादुर ठकुरी | प्र.ना. | [signature] |
| २३. अर्विन थापा. | सू.प्र.अ. | [signature] |
| २४. अनिल थापा मगर | अमिन | [signature] |
| २५. गोविन्द द. चौधरी | का.स. | [signature] |
| २६. निर्मला लामिछाने | " | Nirmala |
| २७. टंक बहादुर रानामगर | लेखापाल | [signature] |
| २८. | | |
| २९. | | |
| ३०. | | |
| ३१. | | |
| ३२. | | |
| ३३. | | |
| ३४. | | |
| ३५. | | |
| ३६. | | |

**प्रस्ताव नं. १: सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिका तथा मातहतका कार्यालयहरुले प्रवाह गर्ने सार्वजनिक सेवालाई गुनासो रहित, छिटोछरितो, मितव्ययी तथा सेवाग्राहीमैत्री, प्रभावकारी सूचना तथा जानकारी प्रवाहका लागि आवश्यक नीतिगत तथा प्रक्रिया गत निर्णय, कानुन निर्माण गरी समग्र गाउँपालिका तथा मातहतका कार्यालयहरू कोको सेवा प्रवाहको अवस्थालाई चुस्त दुस्त राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा।**

**निर्णय नं. २:** प्रस्ताव नं. २ मा माथि छलफल गर्दा प्रस्ताव नं. ११ माथि छलफल गर्दा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा(१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८ (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित कार्यालय समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, कर्मचारी तथा शिक्षकहरू (स्थायी र करार समेत)ले आर्थिक वर्ष २०८२।८३ को सम्पत्ति विवरण निर्धारित समयभित्र गाउँपालिकामा पेश गर्न तथा गराउन बैठकमा जानकारी गरियो।

**प्रस्ताव नं. ३: खरिद इकाई गठन सम्बन्धमा।**

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावलीको, २०६४ को नियम १६ बमोजिम तपसिल बमोजिमको खरिद इकाई गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | नाम, पद | जिम्मेवारी |
|---|---|---|
| १. | ई. राजन रानाभाट, इन्जिनियर | संयोजक |
| २. | सुनिल मोक्तान, सब इन्जिनियर | सदस्य |
| ३. | पूर्ण बहादुर गहतराज, सहायक प्रशासकीय अधिकृत (जिन्सी शाखा प्रमुख) | सदस्य सचिव |

**प्रस्ताव नं. ४: मूल्याङ्कन समिति गठन सम्बन्धमा।**

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ तथा सार्वजनिक खरिद नियमावलीको, २०६४को नियम १४७ बमोजिम तपसिल बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | पुरुषोत्तम अधिकारी | लेखा अधिकृत (सातौं) | सदस्य |
| ३. | कृष्ण प्रसाद अर्याल | सहायक प्रशासकीय अधिकृत (योजना शाखा प्रमुख) | सदस्य |
| ४. | सहदेव गौतम | असिष्टेन्ट सब इन्जिनियर | सदस्य |
| ५. | राजन रानाभाट | इन्जिनियर | सदस्य सचिव |

**प्रस्ताव नं. ५: खानीजन्य पदार्थको राजश्व असुली सम्बन्धमा।**

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ घ (६) मा भएको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी बालुवा (दहत्तर बहत्तर) को उपयोग बापतको राजस्व संकलनको अधिकार स्थानीय सरकारलाई रहेको छ। सोही व्यवस्था अनुसार स्थानीय तहहरूले विकास निर्माणमा उपयोग हुने प्राकृतिक स्रोतको राजस्व संकलन गरी नियमानुसार विभाज्य कोषमा जम्मा गरी तोकिएको प्रतिशत प्रदेश सरकारलाई पनि बाँडफाँड गर्नु पर्ने हुन्छ। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं १२ (७)मा "सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकारक्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामग्रीको परिमाणका आधारमा लाग्ने विक्री मूल्य बापतको रकम सम्बन्धित पालिकालाई राजस्व बुझाएर मात्र उपयोग गर्न सकिने छ।" भन्ने व्यवस्था रहेकोले गाउँपालिकाभित्र निर्माण व्यवसायी वा उपभोक्ता समिति वा व्यक्तिहरूले सार्वजनिक वा निजी निर्माणका कार्यहरु गर्दा संक्षिप्त वातावरणीय अध्ययन

IEE गरेको स्थान वा कुनै विकास निर्माणका योजना सञ्चालन गरेको ठाउँबाट निस्केको खानीजन्य पदार्थहरु ढुङ्गा, गिटि, बालुवा आदि प्रयोग गर्दा गण्डकी प्रदेश सरकारले निर्धारण गरेको दर रेट बमोजिम राजश्व अनिवार्य रुपमा गाउँपालिकामा बुझाउनुपर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६: उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरूमा लागत तथा श्रम सहभागिता सम्बन्धमा।**

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालू आर्थिक वर्ष २०८३।८४ मा रु. १० लाखसम्मका योजना उपभोक्ता समिति मार्फत गर्ने र उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरूमा उपभोक्ता समितिहरुको तपसिलको लागत सहभागिता र साझेदारी कायम गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो। साथै बाटो सरसफाई सम्बन्धी कार्यमा उपभोक्ताहरुको साझेदारी अनिवार्य नहुने निर्णय गरियो।

**तपसिल**:

- रु. ५ लाख सम्म बजेटिङ्ग भएका योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुको १० प्रतिशत श्रम साझेदारी
- रु. ५ लाख भन्दा माथि गाउँपालिकाबाट विनियोजन भएको योजनाहरूमा उपभोक्ताहरुको ५ प्रतिशत नगद साझेदारी र ५ प्रतिशत श्रम साझेदारी गरी जम्मा १० प्रतिशत साझेदारी गर्ने।

**प्रस्ताव नं. ७: खानेपानी मूल दर्ता सम्बन्धमा।**

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७६ को दफा १४ (१) बमोजिम तपसिलका उपभोक्ता समितिहरु दर्ता गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | उपभोक्ता समितिको नाम | ठेगाना | मूलको नाम | ठेगाना |
|---|---|---|---|---|
| १. | बिर्खे खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति | शहिद लखन गाउँपालिका-८, बुंकोट | छाँगा खोला | शहिद लखन गाउँपालिका-८, बुंकोट |

**प्रस्ताव नं. ८: करार सेवा नविकरण सम्बन्धमा।**

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा सेवा करारमा रहेका कर्मचारीहरुको करार सम्झौता कार्यालयको आवश्यकता, स्थायी कर्मचारीहरुले मात्र सेवा प्रवाहमा अपर्याप्त रहेको अवस्था, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता र कर्मचारीले सम्पादन गर्ने कार्य क्षमताका आधारमा आगामी दिनहरूमा निरन्तरता दिन सक्ने गरी आर्थिक वर्ष २०८३।८४ को श्रावण महिनाबाट लागू हुने गरी पहिलो पटकका लागि तपसिल बमोजिमका कर्मचारीहरुको करार सेवा३ महिना (असोज मसान्त) सम्मका लागि नविकरण गर्ने निर्णय गरियो। साथै करार नविकरण भएता पनि करार कर्मचारी कार्यरत रहेको पदमा प्रदेश लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि कर्मचारी सिफारिस भई आएमा उक्त करार कर्मचारीको नविकरण सोही पदमा स्थायी कर्मचारी नियुक्ति भएको मितिबाट स्वतः बदर गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | अर्विन थापा | सूचना प्रविधि अधिकृत (सातौं) | गाउँ कार्यपालिकाको कार्यालय |
| २. | विवेक पुडासैनी | पशु चिकित्सक | गाउँ कार्यपालिकाको कार्यालय |
| ३. | सुजन जंग थापा | कृषि स्नातक | गाउँ कार्यपालिकाको कार्यालय |
| ४. | अर्पण थापा | रोजगार संयोजक | गाउँ कार्यपालिकाको कार्यालय |
| ५. | अमिन गुरुङ | वित्तीय साक्षरता सहजकर्ता | गाउँ कार्यपालिकाको कार्यालय |
| ६. | स्मृति श्रेष्ठ | मनोसामाजिक परामर्शकर्ता | गाउँ कार्यपालिकाको कार्यालय |
| ७. | सोम आले | एम्. आइ. एस्. अपरेटर | गाउँ कार्यपालिकाको कार्यालय |
| ८. | सन्जोग थापा मगर | रोजगार प्राविधिक सहायक | गाउँ कार्यपालिकाको कार्यालय |
| ९. | हिरा बि.क | रोजगार सहायक | गाउँ कार्यपालिकाको कार्यालय |
| १०. | सिर्जना राना आले | फिल्ड सहायक | गाउँ कार्यपालिकाको कार्यालय |
| ११. | भूमिका वली | उद्यम विकास सहजकर्ता | गाउँ कार्यपालिकाको कार्यालय |
| १२. | बन्दना वली | उद्यम विकास सहजकर्ता | गाउँ कार्यपालिकाको कार्यालय |

| | | | |
|---|---|---|---|
| १३. | अनिस थापा मगर | अमिन | गाउँ कार्यपालिकाको कार्यालय |
| १४. | सन्तोष थापा | हलुका सवारी चालक | गाउँ कार्यपालिकाको कार्यालय |
| १५. | प्रदिप थापा मगर | हलुका सवारी चालक | गाउँ कार्यपालिकाको कार्यालय |
| १६. | सर्मिला गुरुङ | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय |
| १७. | गोबिन्द बहादुर चौधरी | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय |
| १८. | बिनोद परियार | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय |
| १९. | निर्मला लामिछाने | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय |
| २०. | सिता अछामी रोका | कार्यालय सहायक | १ नं. वडा कार्यालय |
| २१. | विमला आले मगर | कार्यालय सहयोगी | १ नं. वडा कार्यालय |
| २२. | शितल परियार | सहायक कम्प्युटर अपरेटर | २ नं. वडा कार्यालय |
| २३. | रेनुका परियार | कार्यालय सहयोगी | २ नं. वडा कार्यालय |
| २४. | खड्ग नारायण श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | ३ नं. वडा कार्यालय |
| २५. | रमेश नेपाली | ना.प्र.से.प्रा | ३ नं. वडा कार्यालय |
| २६. | भिमलाल श्रेष्ठ | कार्यालय सहयोगी | ३ नं. वडा कार्यालय |
| २७. | रुस्का थापा | सामाजिक परिचालक | ३ नं. वडा कार्यालय |
| २८. | लेख बहादुर थापा | कार्यालय सहयोगी | ३ नं. वडा कार्यालय |
| २९. | कृष्ण कुमार खड्का | असिष्टेन्ट सव इन्जिनियर | ४ नं. वडा कार्यालय |
| ३०. | मनिष थापा | ना.प.स्वा.प्र | ४ नं. वडा कार्यालय |
| ३१. | हस्त बहादुर थापा | कार्यालय सहायक | ४ नं. वडा कार्यालय |
| ३२. | पुष्पा थापा | कार्यालय सहयोगी | ४ नं. वडा कार्यालय |
| ३३. | ध्रुव खत्री के सी | ना.प.से.प्रा. | ५ नं. वडा कार्यालय |
| ३४. | सुनिता थापा | सामाजिक परिचालक | ५ नं. वडा कार्यालय |
| ३५. | श्री माया राना मगर | कार्यालय सहयोगी | ५ नं. वडा कार्यालय |
| ३६. | कमला श्रेष्ठ | सामाजिक परिचालक | ४ नं. वडा कार्यालय |
| ३७. | ईश्वरी गुरुङ | कार्यालय सहयोगी | ६ नं. वडा कार्यालय |
| ३८. | रुद्र ब. राना मगर | कार्यालय सहायक | ७ नं. वडा कार्यालय |
| ३९. | बिनोद नेपाली | ना.प्र.स. | ७ नं. वडा कार्यालय |
| ४०. | अनिशा श्रेष्ठ | कार्यालय सहयोगी | ७ नं. वडा कार्यालय |
| ४१. | निर्मला वि.क. | कार्यालय सहायक | ८ नं. वडा कार्यालय |
| ४२. | जमुना प्रजा | ना.प्र.स. | ८ नं. वडा कार्यालय |
| ४३. | कल्पना श्रेष्ठ | कार्यालय सहयोगी | ८ नं. वडा कार्यालय |
| ४४. | दीपक पाण्डे | सहायक कम्प्युटर अपरेटर | ९ नं. वडा कार्यालय |
| ४५. | जानुका थापा | कार्यालय सहयोगी | ९ नं. वडा कार्यालय |
| ४६. | कमला थापा आले मगर | ल्याब टेक्निसियन | बक्राङ्ग स्वास्थ्य चौकी |
| ४७. | अनिता राना थापा मगर | कार्यालय सहयोगी | बक्राङ्ग स्वास्थ्य चौकी |
| ४८. | प्रेम गुरुङ्ग | हे.अ. | मनकामना आधारभूत स्वास्थ्य केन्द्र |
| ४९. | विष्णु माया थापा मगर | अ.न.मी. | मनकामना आधारभूत स्वास्थ्य केन्द्र |
| ५०. | ओम कुमारी थापा | अ.न.मी. | मनकामना आधारभूत स्वास्थ्य केन्द्र |
| ५१. | रोशनी थापा | कार्यालय सहयोगी | मनकामना आधारभूत स्वास्थ्य केन्द्र |
| ५२. | शिला श्रेष्ठ | कार्यालय सहयोगी | मनकामना स्वास्थ्य चौकी |
| ५३. | सुमित्रा दराई | अ.न.मी. | ताक्लुंग स्वास्थ्य चौकी |
| ५४. | पार्वती वि.क | अ.न.मी. | ताक्लुंग स्वास्थ्य चौकी |
| ५५. | सपना रिमाल | कार्यालय सहयोगी | ताक्लुङ स्वास्थ्य चौकी |
| ५६. | कृष्ण माया आले | अ.हे.व. | ताक्लुङ आधारभूत स्वास्थ्य केन्द्र |
| ५७. | एलिना श्रेष्ठ | अ.न.मी. | ताक्लुङ आधारभूत स्वास्थ्य केन्द्र |
| ५८. | सबिना थापा | कार्यालय सहयोगी | ताक्लुङ आधारभूत स्वास्थ्य केन्द्र |
| ५९. | लक्ष्मी गोतामे भट्ट | अ .हे. व | घैरुङ्ग स्वास्थ्य चौकी |

| | | | |
|---|---|---|---|
| ६०. | यानु माया गुरुङ्ग | ल्याव टेक्निसियन | घैरुङ्ग स्वास्थ्य चौकी |
| ६१. | सुकु परियार | अ.न.मी. | घैरुङ्ग स्वास्थ्य चौकी |
| ६२. | निरु गुरुङ | कार्यालय सहयोगी | घैरुङ्ग स्वास्थ्य चौकी |
| ६३. | सुनिता श्रेष्ठ | ल्याब टेक्निसियन | बुंकोट स्वास्थ्य चौकी |
| ६४. | सरस्वती मगर | अ.न.मी. | बुंकोट स्वास्थ्य चौकी |
| ६५. | कुमारी थापा मगर | सहयोगी कर्मचारी | बुंकोट स्वास्थ्य चौकी |
| ६६. | सुमन सुनार | अ.हे.ब | बुंकोट आधारभूत स्वास्थ्य केन्द्र |
| ६७. | दिपा अंगाई | कार्यालय सहयोगी | बुंकोट आधारभूत स्वास्थ्य केन्द्र |
| ६८. | मिसन थापा मगर | कार्यालय सहयोगी | मनकामना आयुर्वेद औषधालय |
| ६९. | प्रतिमा पुन मगर | औ. कु. | मनकामना आयुर्वेद औषधालय |
| ७०. | संगिता श्रेष्ठ | अ.हे.व. | नामजुङ स्वास्थ्य चौकी |
| ७१. | साबित्री बस्नेत | कार्यालय सहयोगी | नामजुङ स्वास्थ्य चौकी |

**प्रस्ताव नं. ९: कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराबाट सिफारिस भइ आएका तपसिल बमोजिमको व्यक्तिहरूलाई गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा १६ बमोजिम र ऐ. ऐ. को दफा २२ बमोजिम पुरुषका लागि एक वर्ष र महिलाका लागि छ महिना परीक्षण काल सहित गरिएको स्थायी नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**:

| क्र. सं. | विज्ञापन नं. | सूचना नं. र निर्णय मिति | नाम थर र ठेगाना | आ.प्र./अन्त र तह/खुला तथा समावेशी | सेवा/समूह | पद | तह |
|---|---|---|---|---|---|---|---|
| १. | ५५०२।२०८२ -८३ | ३४१/२०८२-८३, २०८३।०३।१६ | अप्सरा अधिकारी, महाशिला गाउँपालिका -०५, पर्वत। | महिला | स्थानीय प्रशासन सेवा/प्रशासन समूह | प्रशासन सहायक | पाचौं |
| २. | ५५०१।२०८२ -८३ | ३४१/२०८२-८३, २०८३।०३।१६ | प्रेम बहादुर शाही, महावु गाउँपालिका.-४, दैलेख | खुला | स्थानीय प्रशासन सेवा/लेखा समूह | बरिष्ठ आ.ले.प सहायक | पाचौं |
| ३. | ५०२८।२०८२ -८३ | ३२४/२०८२-८३, २०८३।०३।१७ | पुजा कुमारी गुप्ता, वीरगन्ज म.न.पा.-२८, पर्सा। | खुला | नेपाल स्वास्थ्य सेवा/ हेल्थ इन्स्पेक्सन समूह | | पाचौं |

**प्रस्ताव नं. १०: स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धमा।**

**निर्णय नं. १०:** प्रस्ताव नं. १० मा माथि छलफल गर्दा आर्थिक वर्ष २०८३।८४ मा स्वास्थ्य संस्थामा सुत्केरी गराउने स्वास्थ्यकर्मीहरु र उक्त कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने कार्यालय सहयोगीलाई (चालू आ.व. २०८२।०८३ का लागि स्वीकृत कार्यक्रम सुत्केरी गराउने स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरूको लागि प्रोत्साहन कार्यक्रमबाट खर्च हुने गरि) बर्थिङ सेन्टरमा सुत्केरी गराए बापत प्रति केश नर्सिङ कर्मचारीहरूलाई रु १००० का दरले र सहयोगी कर्मचारीहरूलाई रु २०० को दरले प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो। साथै आर्थिक वर्ष २०८२।०८३ का लागि बुंकोट स्वास्थ्य चौकी ,ताक्लुङ स्वास्थ्य चौकी ,घैरुङ स्वास्थ्य चौकी र बक्राङ स्वास्थ्य चौकी ल्यावमा प्रत्येक महिनाको १ दिन Diabetes Day सञ्चालन गरे बापत ल्यावकर्मी परीक्षणमा संलग्न स्वास्थ्यकर्मी लाई रु १००० को दरले र सहयोगी कर्मचारीलाई रु. २०० को दरले उक्त कार्यको प्रतिवेदनको आधारमा प्रोत्साहन प्रदान गर्ने निर्णय गरियो। Satellite Clinic सञ्चालन गर्न जाने स्वास्थ्यकर्मीहरुलाई रु. ५०० यातायात खर्च र रु.१०० खाजा खर्च बापत प्रदान गर्ने साथै गाउँपालिकाबाट अनुगमन गर्ने कर्मचारीहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई यातायात सुविधा सम्बन्धमा।**

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ मा माथि छलफल गर्दा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च बनाउने उद्देश्यले आ.व. २०८३।८४ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, बिदाइ, यातायात, संचार, झोला र छाता व्यवस्थापन तथा वार्षिक समीक्षा शीर्षकमा बजेट विनियोजन भएकोले श्रावण महिना देखि लागू हुने गरि प्रति महिना रु. १००० को दरले यातायात खर्च प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १२: HIV र AIDS भएका बिरामीहरूको लागि यातायात रकम सम्बन्धमा।**

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ माथि छलफल गर्दा HIV र AIDS भएका बिरामीहरूको लागि सहयोग गर्ने उदेश्यले आ.व.२०८३।८४ को स्वीकृत कार्यक्रममा HIV र AIDS भएका बिरामीहरूको प्रयोगशाला परिक्षण गर्न जानको लागि यातायात खर्च शीर्षकमा बजेट विनियोजन भएकोले श्रावण महिनादेखि लागू हुन् गरि (यस गाउँपालिका भित्र बसोवास गर्ने व्यक्तिलाई) मासिक रुपमा रु. ५०० का दरले यातायात खर्च प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३: वडा नं. ३ स्थित पशुपंक्षी सरसफाई स्थलमा कार्यरत कर्मचारीलाई प्रोत्साहन सम्बन्धमा।**

**निर्णय नं. १३:** प्रस्ताव नं १३ माथि छलफल गर्दा वडा नं. ३ स्थित पशुपंक्षी सरसफाई स्थलमा कार्यरत कर्मचारीहरुले सार्वजनिक बिदा तथा कार्यालय समय अतिरिक्त समेत सेवा सुचारु गरेको तथा राजश्व संकलनमा समेत योगदान पुऱ्याएकाले तपसिल बमोजिमका कर्मचारीहरुलाई निम्नानुसारको खाजा खर्च प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

<u>तपसिलः</u>

सामाजिक परिचालकलाई हाजिर भएको दिनको रु. २०० का दरले २०८३ साल श्रावण देखि २०८४ साल असार मसान्तसम्म र कार्यालय सहयोगीलाई हाजिर भएकोले दिनको रु. १५० का दरले २०८३ साल श्रावण देखि २०८४ साल असार मसान्तसम्म दिने निर्णय गरियो।

**प्रस्ताव नं. १४: सार्वजनिक बिदा (दशै र तिहार) को समयमा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने सम्बन्धमा।**

**निर्णय नं. १४:** प्रस्ताव नं. १४ माथि छलफल गर्दा दशैँ र तिहारको सार्वजनिक बिदाका दिनमा गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरूमा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु र सेवा प्रवाहको सम्बन्धमा अनुगमन, निरीक्षण गर्ने स्वास्थ्य शाखाका कर्मचारीहरु तथा कार्यालय सहयोगीहरूलाई सेवा प्रवाह गरेको दिनको लागि सुरु तलब स्केलको १.२५ दिन बराबर हुन आउने रकम सेवा प्रवाह अवधिको लागि उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १५: वार्षिक प्रतिवेदन समिति सम्बन्धमा।**

**निर्णय नं. १५:** प्रस्ताव नं. १५ माथि छलफल गर्दा शहिद लखन गाउँपालिकाको आ.व. २०८२।८३को वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

- संयोजकः श्री याम बहादुर बृकट्टा, प्रशासकीय अधिकृत (सातौं)
- सदस्यः श्री अर्विन थापा, सूचना प्रविधि अधिकृत (सातौं)
- सदस्यः श्री अर्पण थापा, रोजगार संयोजक

साथै उक्त समितिले आवश्यक कार्य गर्नेगरी साउन १५ सम्म प्रारम्भिक मस्यौदा तयार गर्ने र श्रावण मसान्त सम्ममा प्रतिवेदन प्रकाशनको तयारी गर्ने। साथै, समितिले बैठक कार्यालय समय बाहेक बसेको खण्डमा प्रतिदिन रु. १००० का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १६: जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि,२०७६ संशोधन सम्बन्धमा।**

**निर्णय नं. १६:** प्रस्ताव नं. १६ माथि छलफल गर्दा जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि,२०७६ लाई निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| दफा | कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| दफा ८, उपदफा ग) | ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ । | ग) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ। तर ज्येष्ठ नागरिकहरुको सहजताको लागि प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार वडा सचिवहरूलाई प्रत्यायोजन गर्न सक्नेछ। उक्त अधिकार वडा सचिवलाई प्रत्यायोजन भएको हकमा ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी सम्पूर्ण प्रकृया वडा कार्यालयबाट नै पूरा गरी वडा सचिवले ज्येष्ठ नागरिक परिचयपत्र तथा सो को प्रतिलिपि आवश्यक परेमा सो समेत वितरण गर्नुपर्नेछ। |